# पचालझरना गाउँपालिका

# गाउँ कार्यपालिका कार्यालय

# पडेक्षा, कालीकोट

पचालझरना गाउँपालिका कालिकोटको आ.व. २०८३/०८४ को बजेट वक्तव्य

०७ असार २०८३ आईतबार

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू।**

१.नेपालको संविधानको धारा २२१ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५२ बमोजिम आगामी आ.व. २०८३/०८४ को बजेट प्रस्तुत गर्न यस सम्मानित सभामा उपस्थित भएको छु ।

२.लोकतन्त्र, संघीय गणतन्त्र एवम् कर्णाली प्रदेश स्थापनार्थ भएका आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने अमर सहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। यस अवसरमा सहिद परिवार, विभिन्न आन्दोलनका घाइते, अपाङ्ग तथा वेपत्ता नागरिकप्रति उच्च सम्मान र विशेष स्मरण गर्न चाहन्छु ।

३.नेपालको संविधानमा उल्लेखित मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, स्थानिय सरकारका साझा र एकल अधिकारका विषयहरू, दिगो र तिव्र विकास पचालझरनाको रहर गुणस्तरिय शिक्षा र व्यवसायीक कृषिमा लहरको दुर दृष्टि, प्रथम पञ्चबर्षिय योजनाले तय गरेको **"शिक्षा ,स्वास्थ्य, पर्यटन, रोजगारी, कृषि तथा पशुपालन, सहकारी, बिकास र पुर्वाधारः समृद्ध पचालझरनाका सात आधार"** सुशासन, सामाजिक न्याय र समृद्ध कर्णालीको सोच र तिन खम्बे विकास मोडेललाई बजेट निर्माणको मार्गदर्शन सिद्धान्तका रुपमा लिएको छु।

४. पचालझरना गाउँपालिकाको यस १९ औं गाउँसभामा पेश गरेको विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता, नीति तथा कार्यक्रमको जगमा रहेर बजेट तर्जुमा गरिएको छ। यी दस्तावेज माथि यस सभाका सदस्यज्यूहरूबाट प्राप्त राय, सुझाव तथा अभिमतलाई आत्मसात् गरेको छु।

५. बजेट निर्माणको प्रक्रियामा राजनीतिज्ञ, बौद्धिक वर्ग, नागरिक समाज, संघ संस्था, निजी क्षेत्र, सञ्चार जगत तथा जनताको प्रत्यक्ष भेटघाट मार्फत प्राप्त सुझाव तथा अभिमतलाई आत्मसाथ गरेको छु।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू।**

गाउँपालिकाको अर्थतन्त्रको महत्वपूर्ण परिसुचक र तथ्याङ्कको विवरण समावेश भएको चालु आर्थिक बर्ष २०८२/०८३ को विषयगत क्षेत्रको प्रगती विवरण यस सम्मानित सभा समक्ष पेश गरेको छु। अब म गाउँपालिकाको प्रगतीको अवस्था संक्षिप्त समिक्षा प्रस्तुत गर्दछु ।

६.पचालझरना गाउँपालिकाको निरन्तर प्रयासबाट आन्तरिक आय क्रमिक रुपमा वृद्धि हुँदै गईरहेको छ। हालसम्म चालु आर्थिक बर्षमा प्रक्षेपण गरिएकोमा १८ लाख ४२ हजार जुन बार्षिक आय प्रक्षेपणको ८३.१४ प्रतिशत उठेको छ। आगामि आर्थिक बर्षमा ९५ प्रतिशत चालु समयमा उठाउने लक्ष्य राखेको छु।

७.पचालझरना गाउँपालिकाले चालु आर्थिक बर्षमा प्रक्षेपण गरेको ४५ करोड ९८ लाख २९ हजार ३ सय ५२ मध्ये २२ करोड १४ लाख ८१ हजार ५ सय ४८ रुपैंया जम्मा ४८.१२ प्रतिशत खर्च भएको छ।

८.चालु आर्थिक बर्षको हालसम्मको विषयगत क्षेत्रको प्रगति सभा समक्ष प्रस्तुत गर्दछु। आर्थिक विकास तर्फ ४ करोड ४६ लाख १२ हजार रुपैंयामा ३९ लाख ८ हजार ९ सय ९५ रुपैंया यस अन्तर्गत ८.७ प्रतिशत, सामाजिक विकास तर्फ १९ करोड ११ लाख ७ हजार रुपैंया विनियोजनमा १३ करोड २६ लाख ८८ हजार ८ सय ८८ रुपैयाँ ६९.४३ प्रतिशत, पूर्वाधार विकास तर्फ १२ करोड २४ लाख ८६ हजार विनियोजनमा खर्च २ करोड ४८ लाख १२ हजार २ सय ५२ रुपैया २०.२६ प्रतिशत, सुशासन तथा संस्थागत विकासमा १ करोड १२ लाख ९२ हजार रुपैंया विनियोजनमा खर्च ३४ लाख ३० हजार १ सय ८९ रुपैंया ३०.३८ प्रतिशत, कार्यालय संचालन तथा प्रशासनिक खर्च ९ करोड ३ लाख ३२ हजार ३ सय ५२ मा ५ करोड ६६ लाख ४१ हजार ३ सय २२ रुपैंया को ६२.७ प्रतिशत प्रगति भएको छ।

९.चालु आर्थिक वर्ष २०८२/०८३ मा विनियोजन भएको बजेटको तुलनामा आगामी आर्थिक बर्षको यही समयमा ७० प्रतिशत खर्च हुने अनुमान गरेको छु।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू।**

अब म पचालझरना गाउँपालिकाको विद्यमान अवसरहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१०.नेपालको संविधानले स्थानीय सरकारलाई अधिकार सम्पन्न निकायको रूपमा स्थापित गर्दै २२ वटा एकल अधिकार र विभिन्न साझा अधिकारहरू सुनिश्चित गरेको छ।

११.गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रमा ऐन, कानुन तर्जुमा, योजना तर्जुमा गरी कार्यान्वयन गर्छ।

१२.गाउँपालिकाको समग्र विकासका लागि नीति, कार्यक्रम तथा बजेटको तर्जुमा गर्ने अधिकार संविधान र प्रचलित कानुनले प्रदत्त गरेका छन्।

१३.गाउँपालिकामा पर्यटकीय, धार्मिक, साँस्कृतिक, भाषिक विविधता, खानी र जलविद्युतको सम्भावना हुनुको साथै ०९ वटा वडाहरूलाई हरियाली वन जंगलले घेरेको छ।

१४.लेकमा पशुपालन, फलफूल खेती र तल्लो क्षेत्रमा अन्नबाली र नगदे बाली उत्पादनको प्रचुर सम्भावना छ।

१५.गाउँपालिकालाई कर्णाली करिडोरले सुदुरपश्चिम प्रदेश र जिल्लाका अन्य पालिकाहरुसँग सिमाना जोडेको छ।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू।**

अब म पचालझरना गाउँपालिकाको विद्यमान चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु।

१६.रोजगारमुखी र सीपमूलक शिक्षाको अपर्याप्तता, युवा जनशक्तिको कृषि व्यवसायप्रति न्यून आकर्षण, परम्परागत कृषि प्रणालीलाई आधुनिकिकरण र व्यवसायीकरण गर्न नसकिनु, वैदेशिक रोजगारीबाट फर्किएका सीपयुक्त जनशक्तिको उचित व्यवस्थापन अभाव रहेको छ।

१७.भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीको दीर्घकालीन व्यवस्थापन गर्न सकिएको छैन।

१८.परम्परागत सिप, क्षमता, कला र ज्ञानलाई स्तरिकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी बनाउन ।

१९.विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन, पूर्वाधार निर्माण तथा मर्मत, व्यवस्थित बस्ती व्यवस्थापन गर्न, गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई आधुनिकरण र प्रविधिमैत्री बनाउन प्रक्षेपण गरिए अनुसारको राजस्व संकलन गर्न र चालु बजेटलाई कम गरि पूँजिगत बजेट बढाउन ।

२०.सिमित स्रोत साधनका कारण जनताका असिमित आवश्यकता र चाहनाहरू परिपूर्ति गर्न ।

२१.मानव संशासनको विकास, दक्षता, प्रभावकारिता, मितव्ययीता, औचित्यता र जवाफदेहिता कायम गरि बढ्दो आर्थिक विचलन, बेरुजु न्यूनिकरण तथा पारदर्शिता कायम गर्न ।

२२.भौतिक पूर्वाधार निर्माणको दिगोपना, तोकिएकै समयमा कार्य सम्पन्न गर्न र निर्मित संरचनाहरूको मर्मत सम्भार गर्न।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू ।**

अब म पचालझरना गाउँपालिकाको बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**बजेटका उद्देश्यहरूः**

२३.कृषि क्षेत्रको उत्पादनमा वृद्धि गरी आय आर्जनमा वृद्धि गर्ने।

२४.दिगो भौतिक पूर्वाधार निर्माण, तोकिएकै समयमा कार्य सम्पन्न गर्ने।

२५.शिक्षा र स्वास्थ्यमा प्रदान गरिदै आएको सेवामा गुणस्तर वृद्धि गर्ने।

२६.जनमुखी सेवा प्रवाह गर्ने।

**बजेटका प्राथमिकताहरूः**

२७. कृषिमा आधुनिकिरण गरि व्यवसायीकता बढाउन।

२८. उद्योग, पर्यटन तथा सूचना प्रविधिमा विकास र विस्तार।

२९. शिक्षामा गुणस्तर वृद्धिका लागि लगानीमा विस्तार।

३०. समावेशी, न्यायीक, सुशासन तथा सार्वजनिक सेवा प्रवाहमा सुधार।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू ।**

अब म आर्थिक वर्ष २०८३/०८४ को बजेटका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु।

**कृषि**

३१.कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्न माटो परीक्षण, विउ विजन खरिद वितरण, कृषक विषादी वितरण गरिनेछ।

३२.नगदे बाली र अन्नबालीको पकेट क्षेत्र तोकी परम्परागत र रैथाने बालीहरुको संरक्षण र प्रवर्धनका कार्यक्रमहरू संचालन गरिनेछ।

३३.उल्लेखित कार्यक्रमहरू संचालन गर्नका लागि ३३ लाख ८७ हजार बजेट विनियोजन गरेको छु।

**पशु**

३४.पशु व्यवसायको विकास र प्रवर्धन गर्न दुग्ध पकेट क्षेत्र, बाख्रा पकेट क्षेत्र निर्धारण गरि आय आर्जनमा वृद्धि गरिनेछ।

३५.पशु स्वास्थ्य, पशु विमा, औषधी उपचार, पोषण व्यवस्थापन, कृषक अनुदान र कृषकको क्षमता विकास, पालिकाको केन्द्र पडेक्षामा छाडा रहेका गाई गोरुहरु व्यवस्थापन र घुम्ती पशु स्वास्थ्य शिविर कार्यक्रमलाई निरन्तरता दिएको छु।

३६.पशु विकासका कार्यक्रमहरू संचालन गर्नका लागि १८ लाख बजेट विनियोजन गरेको छु।

**उद्योग, पर्यटन तथा व्यवसाय तथा उधम विकास**

३७.समाजमा छरिएर रहेको ज्ञान, सिप र पुजीँलाई एकिकृत गरी स्वरोजगारी र व्यवसायीक उत्पादन बढाउन उद्योग र व्यवसाय दर्ता र नविकरणका लागि घुम्ति शिविर संचालन उधम विकास शाखा मार्फत कार्यक्रम सञ्चालन गर्न १ करोड ५१ लाख विनियोजन गरेको छु।

३८.महिला, दलित, युवा, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका नागरिकहरूलाई सिप विकास तालिम संचालन गरिनेछ। तालिम लिएर उद्योग तथा व्यवसाय गर्ने महिलाहरूलाई दर्ता शुल्कमा छुट दिईनेछ। बजार अनुगमनलाई बर्षमा २ पटक गर्ने व्यवस्था मिलाएको छु।

३९. आन्तरिक तथा बाह्य पर्यटनलाई विस्तार गर्न पचालझरना, बयालझरना, गाउँपालिकाका धार्मिक तथा सांस्कृतिक स्थल, कर्णाली नदीमा जलयात्राको सम्भाव्यता परिक्षण एवम लेकाली पदयात्रा

(ट्रेकिङ्), होमस्टे, पार्क, प्राकृतिक सम्पदा तथा झरनाहरूको संरक्षण, सम्बर्धन र प्रचार प्रसारका लागि आवश्यक रकम विनियोजन गरेको छु।

४०. उद्योग बाणिज्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सहकारी**

४१. रोजगारी र व्यवसायीक उत्पादन बढाउन सहकारी संस्थाहरूलाई परिचालन गरिनेछ। सहकारी संस्थाहरूको तथ्याङ्क संकलन, अभिलेख र नियमन, क्षमता विकास गर्न ५ लाख बजेट विनियोजन गरेको छु।

**भूमि**

४२.भूमिहिन दलित, भूमिहिन सुकुम्बासी, अव्यवस्थित बसोबासीका समाधान गर्नका लागि आवश्यक संस्थागत तथा कार्यक्रमको व्यवस्था मिलाएको छु।

**रोजगार**

४३.वेरोजगारहरूको तथ्याङ्क संकलन, सूचिकरण र अभिलेख तयार गरी न्यूनतम रोजगारीको सुनिश्चितता गरिनेछ। राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रमलाई प्रभावकारी बनाउन स्थानीय तहको सत प्रतिशत साझेदारी  सहित लागि ३२ लाख ४७ हजार तथा मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालनको लागि १ करोड ३५ लाख विनियोजन गरेको छु।

**राजस्व तथा आन्तरिक श्रोत**

४४.स्थानीय तहको राजस्व क्षमता अभिबृद्धि गर्न राजस्वको दायरा बृद्धि गरी राजस्व सुधारका लागि योजना निर्माण, बजार अनुगमन, व्यवसाय दर्ता शिविर गरि स्थानीय स्रोत साधनको परिचालन गर्ने कार्यलाई निरन्तरता दिएको छु।

४५.राजस्व संकलनका नयाँ क्षेत्रहरू वन, नदीजन्य पदार्थको चोरी निकासी रोकि राजस्व क्षमता बृद्धि गर्नका लागि आवश्यक नीति र कानुनहरू तय गर्न ५ लाख विनियोजन गरेको छु।

**शिक्षा, युवा तथा खेलकुद**

४६."विद्यालयमै टिकाउन-रमाई रमाई सिकाउन" चिप्लेटी, पिङ्, शैक्षिक सामग्री, स्मार्ट टिभी, ल्यापटप, विद्यालय भवन मर्मत, विद्यालय फर्निचर, स्थानीय पाठ्यक्रम र बालविकास शैक्षिक सामग्रीको कार्यक्रमलाई सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

४७.शिक्षाको गुणस्तर सुधार हामी सबैको प्रतिवद्धता शैक्षिक गुणस्तरमा सुधार ल्याउन जनप्रतिनिधि, शिक्षक, व्यवस्थापन समिति, अभिभावक विच अन्तरक्रिया र विद्यालय अनुगमन कार्यलाई निरन्तरता दिएको छु।

४८.विद्यालय स्तरीय परीक्षामा एकरूपता ल्याउन, विद्यालयमा कार्यरत जनशक्तिको क्षमता विकास गर्न, सिकाई अवस्था कमजोर भएका विद्यार्थीलाई थप कक्षा संचालन गर्न बजेटको व्यवस्था गरेको छु।

४९.उत्कृष्ट विद्यालय, नमुना विद्यालय घोषणा, विद्यार्थीलाई पुरस्कार सहित प्रोत्साहनको व्यवस्था मिलाएको छु। गाउँपालिका उत्कृष्ट अंक ल्याउने विद्यार्थिलाई प्राविधिक शिक्षा अध्ययन गर्न छात्रबृत्तिको व्यवस्था मिलाएको छु। गरिब, विपन्न नागरिकलाई उच्च शिक्षा र लोक सेवा तयारी कक्षाको लागि रकम विनियोजन गरेको छु।

५०.विद्यालयमा बढ्दो दुर्व्यसनी न्यूनिकरण गर्न, साईबर क्राईम, सामाजिक सञ्जालको दुरुपयोग, सडक दुर्घटनाका विषयमा विद्यालय स्तरिय कार्यक्रम संचालन गर्न आवश्यक रकमको विनियोजन गरेको छु।

५१.समग्र खेलकुदलाई व्यवस्थित तथा प्रभावकारी बनाउन खेलाडी उत्पादन, प्रशिक्षक तथा प्रशिक्षण, नियमित प्रतियोगिताहरू खेलकुद सप्ताह मार्फत संचालन, खेल पूर्वाधार निर्माण, खेलाडी सम्मान तथा पुरस्कृत गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु। यसै आर्थिक वर्षमा गाउँलिकामा एक खुल्ला व्यायामशालाको स्थापन गरिने छ।

५२.उल्लेखित कार्यक्रमहरूलाई सञ्चालन गर्नका लागि १४ करोड २६ लाख विनियोजन गरेको छु।

**स्वास्थ्य**

५३.संस्थागत सुत्केरी गराउन संस्थागत सुदृढिकरण, दक्ष जनशक्ति, औषधी उपकरणको व्यवस्थापन माईतिको नासो कार्यक्रमलाई निरन्तरता दिएको छु।

५४.सबै स्वास्थ्य संस्थामा आवश्यक औषधि, उपकरण तथा जनशक्ति, मातृसेवा, गर्भ परीक्षण, सुत्केरी भत्ता, खोप कार्यक्रम, पोषण, नवजात शिशु कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु।

५५.खोप कार्यक्रम, स्वास्थ्य परीक्षण शिविर, संक्रमण नियन्त्रण, अपाङ्गता भएका बालबालि लक्षित कार्यक्रम, मानिसिक स्वास्थ्य, दिर्घ रोगी र विद्युतिय अभिलेख प्रणाली कार्यक्रमलाई प्रभावकारी बनाउन गैर सरकारी र सरकारी संघ संस्थासँग साझेदारी गर्न रकम विनियोजन गरेको छु। योगका कार्यक्रम सञ्चालन गर्नका लागि ९ वटै वटाबाट गर्ने सकिने गरि बजेटको व्यवस्था मिलाएको छु।

५६.मानसिक स्वास्थ्य, आयुर्वेदिक उपचार, प्राकृतिक उपचार, योग तथा ध्यान, व्यक्तिगत तथा सार्वजनिक सरसफाई, पोषण र प्राथमिक उपचार कार्यक्रमलाई निरन्तरता दिएको छु। स्वास्थ्य स्वयमसेविकाको प्रोत्साहन भत्तालाई निरन्तरता गरेको छु।

५७.लागुपदार्थ दुर्व्यसनी, स्वास्थ्य विमा, स्वास्थ्यमा अनलाईन परामर्श, बनेपा काभ्रे र आई. एन. एफ. सँग साझेदारी गर्न कार्यक्रमहरूलाई निरन्तरता दिएको छु।

५८.उल्लेखित कार्यक्रमलाई सञ्चालन गर्नका लागि रु १ करोड ५० लाख विनियोजन गरेको छु।

**सामाजिक समावेशिकरण समानुपानिक प्रतिनिधित्व, सामाजिक न्याय र सशक्तिकरण**

५९.हिंसा, विभेद, महिला, दलित, आदिवासी, अपाङ्गता भएका व्यक्ति, शारीरिक मानसिक रुपमा अशक्त व्यक्ति, जेष्ठ नागरिक, बालबालिका, विपन्न, लैंगिक तथा यौनिक अल्पसंख्यक व्यक्तिहरूका लागि आवश्यक बजेटको विनियोजन गरेको छु।

६०.हिंसा मुक्त गाउँपालिका अभियान सबै प्रकारका हिंसा विरुद्ध सचेतना कार्यक्रम संचालन गरिनुका साथै पिडितलाई संरक्षण गरिनेछ। उल्लेखित कार्यक्रम संचालन गर्नका लागि ५ लाख विनियोजन गरेको छु।

**महिला बालबालिका अपाङ्ग तथा ज्येष्ठ नागरिक**

६१.लैंगिक तथा यौनिक, बालबालिका, अपाङ्गता, महिलाहरूको संरक्षण तथा सम्बर्धन गर्न क्षमता विकास, सशक्तिकरणका लागि आवश्यक नीति र कानुन तर्जुमा गर्न बजेट विनियोजन गरेको छु।

६२.बालमैत्री स्थानीय शासन, बालमैत्री वडा, वडा स्तरीय र गाउँपालिका स्तरीय बालक्लब गठन, बालविवाह, छाउपडी प्रथा र जातिय विभेदलाई न्यूनिकरण गर्न बजेटको व्यवस्था गरेको छु।

६३.ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंक रहित घुम्ति सेवा कार्यक्रमलाई आगामी आर्थिक बर्षदेखि लागु गर्ने गरी आवश्यक बजेटको व्यवस्था गरेको छु।

६४.उल्लेखित कार्यक्रम गर्न २१ लाख बजेट विनियोजन गरेको छु।

**कला तथा संस्कृति**

६५.परम्परागत सिप, भाषा, कला, संस्कृति तथा मौलिक परम्पराको संरक्षण तथा सम्बर्धन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

**सडक तथा पुल**

६६.गाउँपालिका भरि बाह्रै मास यातायातका साधन चल्ने बनाउन, नयाँ सडक विस्तार र ट्र्याक खोल्न र सडकहरूको मर्मत सम्भार गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु।

६७.बेलिब्रिज तथा ट्रस्ट पुल निर्माण गर्न संघिय सरकारसँग पहल गरिनेछ र जिर्ण भएका पुलहरूको गाउँपालिकाबाट मर्मत सम्भार गर्न आवश्यक बजेटको विनियोजन गरेको छु।

**भवन तथा आवास**

६८. वडा कार्यालय पक्कि भवन निर्माण कार्यक्रमलाई निरन्तरता दिएको छु। विद्यालय भवन, वडा कार्यालय, गाउँपालिका भवन, तथा अन्य निर्माणका अपुरा कामलाई यसै आर्थिक वर्षमा सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु। भवन तथा आवासको लागि ४ करोड बजेटको व्यवस्था गरेको छु।

६९."सुरक्षित नागरिक आवास -खरमुक्त छाना " अभियानलाई निरन्तरता दिएको छु। यसै आर्थिक वर्षमा घर जग्गा नक्सा पासको कार्यक्रम कार्यान्वयन गर्न १५ लाख बजेटको व्यवस्था गरेको छु।

**खानेपानी**

७०.मुहानको पानी शुद्धिकरण गरेर पिउने पानी मुहान संरक्षण र शुद्धिकरण, एक घर एक धारा र खानेपानीका अपुरा र अधुरा कार्यक्रमलाई सम्पन्न गर्न लक परियोजनासँग साझेदारीको लागि १ करोड २० लाख बजेटको व्यवस्था गरेको छु।

**सिंचाई**

७१.सिंचाई पूर्वाधारको विकास गरी अधिकतम् उत्पादन गर्न पुराना सिंचाई योजनाको मर्मत सम्भार र पूर्वाधार निर्माणको लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

**विद्युत तथा ऊर्जा**

७२.विद्युतको राष्ट्रिय प्रसारण लाईन प्रत्येक बस्तीमा विस्तार गर्न संघीय सरकार, प्रदेश सरकार र नेपाल विधुत प्राधिकरणसँग आवश्यक सहकार्य र समन्वय गरिनेछ।नविकरणीय र बैकल्पिक ऊर्जाको अधिकतम प्रयोग गर्न दुर्गम तथा विद्युत पहुँच क्षेत्रमा कार्यक्रम विस्तारका लागि रकम विनियोजन गरेको छु।

**सूचना, सञ्चार तथा प्रविधि**

७३.शिक्षा, स्वास्थ्य, कृषि, वडा कार्यालय र प्रशासनिक क्षेत्रलाई डिजिटल प्रविधि मैत्रि बनाईनेछ। नेपाल टेलिकमको सहकार्यमा मोवाइल सेवा विस्तार गरिनेछ।

७४.संघियताको कार्यान्वयनको लागि वडा स्तरिय योजना समावेश गरी योजना निर्माण गर्न ९ वटै वडाहरुले विनियोजन गर्न पाउने गरी रकम विनियोजन गरेको छु।

७५.सडक तथा पुल, भवन तथा आवास, खानेपानी, सिंचाई, विद्युत तथा उर्जा, सूचना संचार तथा प्रविधि र ९ वटै वडाको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**बन, वातावरण तथा विपद्**

७६."बन बनाऔं - जिवन जोगाऔं" अवैध कटानी नियन्त्रण बन क्षेत्र विस्तार, बन संरक्षण, जलवायु अनुकुलन, विद्यालय विपद् न्यूनिकरणका कार्यक्रमलाई निरन्तरता दिएको छु।

**भू तथा जलाधार संरक्षण**

७७.भू-क्षय न्यूनिकरण, पहिरो नियन्त्रण, खानेपानी स्रोत संरक्षण सम्बन्धी आवश्यक नीति तय गरि कार्यान्वयन गरिनेछ।

७८.उल्लेखित कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**जलवायु परिवर्तन र अनुकुलन**

७९.बढ्दो जलवायु परिवर्तनलाई रोक्न अनुकुलनका कार्यक्रमहरु वडा तथा वस्ती स्तरमा जलवायु परिवर्तन स्थानीय अनुकुलन (लक परियोजनासँग) साझेदारिमा उल्लेखित कार्यक्रमहरु संचालन गरिनेछ।

**फोहोरमैला व्यवस्थापन**

८०.प्लाष्टिक मुक्त अभियान, फोहोर व्यवस्थापन, कम्पोष्ठ मल उत्पादन, वृक्षारोपण तथा वातावरणीय शिक्षाका कार्यक्रमहरु संचालन गरिनेछ।

**विपद् जोखिम न्यूनिकरण र व्यवस्थापन**

८१.विपद् पूर्वतयार, प्रतिकार्य, जोखिम न्यूनिकरण गर्न सामूदायीक स्वयम् सेवक उत्पादन, तालिम प्रदान, आपतकालीन कार्यसंचालन केन्द्र व्यवस्थापन, सूचना प्रणाली व्यवस्थित बनाउन, विपद् प्रभावित तथ्याङ्क संकलन, राहत तथा उद्धारका कार्यक्रमलाई व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

८२.बन, भू-तथा जलाधार संरक्षण, जलवायु परिवर्तन र अनुकूलन, फोहोरमैला व्यवस्थापन र विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापनका लागि १५ लाख विनियोजन गरेको छु।

**नीति तथा कानुन**

८३.नेपालको संविधान, स्थानीय सरकार संचालन ऐनबाट प्रदत्त अधिकार, पचालझरना गाउँपालिकाले पेश गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न पञ्चबर्षिय योजना, आन्तरिक नियन्त्रण प्रणाली, गाउँ शिक्षा योजना, गाउँपालिकाको डिजिटल बस्तुस्थिती विवरण, आवश्यक ऐन, नियमावलि, कार्यविधि, मापदण्ड र निर्देशिका तयार गरी राजपत्रमा प्रकाशन तथा कार्यान्वयन गर्न ११ लाख ७५ हजार रकम विनियोजन गरेको छु।

**सुशासन तथा संस्थागत विकास**

८४.सेवा प्रवाहलाई जनमुखी, पारदर्शी, नागरिकको सहज पहुँच बनाउन नागरिक वडापत्र, डिस्प्ले बोर्ड, जनताका गुनासो र टोल फ्रि नम्बर, सेवाग्राही सहायता कक्ष, वडा कार्यालय र गाउँपालिकालाई प्रविधिमैत्री बनाउन आवश्यक रकम विनियोजन गरेको छु। बढ्दो बेरुजुलाई न्यूनिकरण गर्न आवश्यक कार्यक्रम संचालनको व्यवस्था मिलाएको छु।

८५.गाउँपालिकामा कार्यरत स्थानीय, गैर सरकारी संघ संस्थाहरूसँग साझेदारी गरि विकास निर्माणमा सबैको सहभागिता सुनिश्चित गराउन साझेदारीका लागि १५ लाख विनियोजन गरेको छु।

८६.अन्य पालिकाहरूसँग साझेदारी गरेर गाउँपालिकाको दिगो विकासका लागि फोहोर मैला व्यवस्थापन, पर्यटन प्रवर्द्धन, विपद् जोखिम न्यूनिकरण गर्न अन्तरपालिका साझेदारीको लागि आवश्यक बजेट विनियोजन गरेको छु।

**सार्वजनिक सेवा प्रवाह**

८७.गाउँपालिकाले लिएका नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्नका लागि अहोरात्र खटिने राष्ट्रसेवक कर्मचारीहरू तथा जनप्रतिनिधिको क्षमता विकास, तालिम तथा पुरस्कारका लागि आवश्यक रकम विनियोजन गरेको छु।

**योजना व्यवस्थापन र स्रोत परिचालन**

८८.आवश्यकताको पहिचान गरेर तयार गरिएको योजना बैंकबाट आगामी आर्थिक बर्षको लागि योजना तथा कार्यक्रमहरू छनौट गरेको छु।

८९.संघीय सरकार राजस्व बाँडफाँड ८ करोड ८८ लाख ३९ हजार, संघीय सरकार वित्तिय समानीकरण अनुदान ९ करोड १६ लाख, संघीय ससर्त अनुदान १५ करोड ६२ लाख, संघीय समपुरक अनुदान १ करोड ५ लाख, संघीय विशेष अनुदान १ करोड ४० लाख, कर्णाली प्रदेश सवारी साधन कर बाँडफाँड अनुदान १३ लाख १ हजार ५ सय ४३ रुपैंया, कर्णाली प्रदेश वित्तिय समानीकरण अनुदान १ करोड १९ लाख ८८ हजार, कर्णाली प्रदेश ससर्त अनुदान १ करोड ८५ लाख ४९ हजार, समपुरक अनुदन १ करोड ४० लाख, विषेश अनुदान ५० लाख र गाउँपालिकाको आन्तरिक राजस्व २५ लाख गरी जम्मा ४१ करोड ४४ लाख ७७ हजार ५ सय ४३ रुपैंया विनियोजन गरेको छु।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू ।**

**कार्यक्रम कार्यान्वयन**

९०.प्रक्रियामा होईन नतिजामा आधारित वस्तुगत अनुगमन प्रणालीको विकास गरी विकासको अपेक्षित प्रतिफल प्राप्त गर्ने व्यवस्थापकीय, प्रशासकीय र पर्यावरणीय प्रवन्ध मिलाई बजेटको प्रभावकारी कार्यान्वयन गरिनेछ। यसका लागि आय व्यय तथा बजेट खर्च लेखांकन सम्बन्धी सुत्र प्रणाली लाई निरन्तरता दिईनेछ।

९१.विनियोजित बजेटको प्रभावकारी कार्यान्वयनको लागि कर्मचारीको दक्षता, जनताको सहभागीता र पदाधिकारीको सार्वजनिक उत्तरदायित्व जरुरी हुन्छ पचालझरनामा सबैले आ-आफ्नो क्षेत्रबाट सहयोगात्मक, रचनात्मक सहयोग गरी समृद्ध पचालझरना बनाउने अभियानमा साथ दिनु हुनेछ भन्ने पूर्ण विश्वास र भरोसा लिएको छु।

**आदरणीय सभा अध्यक्षज्यू,**

**सभाका सदस्यज्यूहरू।**

९१.यो बजेट तर्जुमा गर्दा मार्गनिर्देशन गर्नुहुने सभाका सभाध्यक्षज्यू, सम्पुर्ण सदस्यज्यूहरू, स्वतः उत्प्रेरित भईअहोरात्र खटिनु भएका यस पालिकामा कार्यरत सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरू, उद्यमी, व्यापारी, शिक्षक, बुद्धिजिवी, विभिन्न संघ संस्थाका प्रतिनिधिज्यूहरू र समग्र पचालझरनावासी नागरिकहरूप्रति धन्यवाद दिदैं कृतज्ञता ज्ञापन गर्दछु।

धन्यवाद !

**आदरणीय सभा अध्यक्ष ज्यू**

**सभाका सदस्यज्यूहरु।**

अब म आर्थिक बर्ष २०८३।०८४ को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि विनियोजन क्षेत्रहरुको अनुमानित बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

| क्र.सं. | व्यय विवरण | चालु तर्फ | पुजिँगत तर्फ | जम्मा | अक्षरमा | प्रतिशत |
|---|---|---|---|---|---|---|
| १. | सुशासन तथा सार्वजनिक सेवा व्यवस्थापन | | | | | |
| २. | न्यायिक समिति | ८०००० | | ८०००० | आठ लाख | |
| ३. | कृषि विकास तर्फ | १५००००० | | १५००००० | पन्ध्र लाख | |
| ४. | पशु विकास तर्फ | १५००००० | | १५००००० | पन्ध्र लाख | |
| ५. | सहकारी | | | | | |
| ६. | उद्योग व्यवसाय र राजश्व | | | | | |
| ७. | मेडपा साझेदारी | | | | | |
| ८. | शिक्षा, युवा तथा खेलकुद | | | | | |
| ९. | स्वास्थ्य तथा सरसफाई | | | | | |
| १०. | महिला तथा बालबालिका | | | | | |
| ११. | सामाजिक सुरक्षा तथा पञ्जिकरण | | | | | |
| १२. | भवन तथा पुर्वाधार | | | | | |
| १३. | बन वातावरण तथा विपद् | | | | | |
| १४. | वडा कार्यालय | | | | | |
| १५. | संघसस्था साझेदारी | | | | | |
| १६. | अन्तरपालिका साझेदारी | | | | | |
| १७. | संघीय सशर्त अनुदान | | | | | |
| १८. | संघीय विशेष अनुदान | | | | | |
| १९. | संघीय समपुरक अनुदान | | | | | |
| २०. | प्रदेश सशर्त अनुदान | | | | | |
| २१. | प्रदेश समपुरक अनुदान | | | | | |
| २२. | प्रदेश विशेष अनुदान | | | | | |
| जम्मा | | | | | | |
| जम्मा प्रतिशत | | | | | | |